नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(योजना तथा अनुगमन शाखा)**
सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

प.सं.: ०७५/७६
च.नं. ५९

मिति २०७५।१०।२२

**विषय : दिवा खाजा एवम् आवासीय विद्यालयको आवास व्यवस्थापन खर्च व्यवस्थापन सम्वन्धमा।**

**श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**सिहदरवार काठमाण्डौ।**

चालु आर्थिक वर्ष २०७५।७६ मा स्थानीय तह मार्फत वित्तीय हस्तान्तरण भएको दिवा खाजा कार्यक्रम तथा आवासीय विद्यालयको आवास व्यवस्थापन खर्च कार्यक्रमको लक्षित समुह तथा आवासीय विद्यालयको आवास व्यवस्थापन खर्च नर्म्स सम्वन्धमा कतिपय स्थानीय तह एवम् सम्वन्धीत विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा भएका विषयमा स्पष्ट पारिदिन अनुरोध भई आएकोले उक्त कार्यक्रम कार्यान्वयन सम्वन्धमा निम्नानुसार हुने गरी पत्राचार हुन यस केन्द्रको मिति २०७५।१०।२२ को निर्णयानुसार अनुरोध छ।

२०७५।१०।२२

अर्जुन ढकाल
शाखा अधिकृत

**क) दिवा खाजा कार्यक्रम सम्वन्धमा।**

**चालु आ वमा** चालु आर्थिक वर्ष २०७५।७६ बाट दिवाखाजा कार्यक्रम लागू भएका ओखलढुङ्गा, धनुषा, महोतरी, सर्लाही, सिन्धुली, रामेछाप,दोलखा,नुवाकोट, रौतहट, पर्सा, गुल्मी, सल्यान जिल्लाका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत सवै बालबालिकाहरुका लागि दिवाखाजा उपलब्ध गराउने गरी वजेट व्यवस्था भएकोले विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।– का दरले विद्यालय सञ्चालन रहेका दिन गणना गरी वढीमा १८० दिन सम्मको रकम विद्यालयको खातामा निकासा दिने। साथै हाल सम्म दिवाखाजा कार्यक्रम कार्यान्वयन गर्न सुरु गरिनसकेका स्थानीय तहको हकमा विद्यालय दिवाखाजा कार्यक्रम सुरु भए देखि दिन गणना हुने गरी रकम निकासा हुन।

**ख) आवास सञ्चालन खर्च सम्वन्धमा :**

जिल्लामा आवासीय विद्यालयका रुपमा सञ्चालनमा रहेका आवासीय विद्यालयहरुको आवास यवस्थापन खर्च कार्यक्रम कार्यानवयन पुस्तिकामा उल्लेख भएका अतिरिक्त विगत वर्ष झै २५ जना विद्यार्थी वरावर १ समुह मानि थप निकासा दिने गरी वजेट क्रियाकलाप नं २.१५.११.७९८ विद्यालय सञ्चालन व्यवस्थापन अनुदान शिर्षकमा समावेश गरिएकोले सो अनुसार व्यवस्था गर्नुहुन।